# हरिनगर गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः** ६ **संख्याः** १ **मितिः** २०८०/०३/१०

**भाग-२**

**हरिनगर गाउँपालिका**

## हरिनगर गाउँपालिका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः** २०८०।०३।१० गते

**१. प्रस्तावनाः** कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० मा गरिएको तह वृद्धि सम्बन्धि व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी हरिनगर गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

२. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"हरिनगर गाउँपालिका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

३. **परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले हरिनगर गाउँपालिका अन्तर्गतको सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम हरिनगर गाउँपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भै हरिनगर गाउँपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हरिनगर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले हरिनगर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

४. **सूचना प्रकाशन गर्नेः** (१) अध्यादेशको दफा २८ को उपदफा २ बमोजिम प्रत्येक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको

निर्णय गर्नु पर्नेछ । सो प्रयोजनको लागि कम्तीमा एक महिना अगावै गाउँपालिकाले आफ्नो वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको म्याद भित्र तह वृद्धिको लागि यस कार्यविधिको दफा ६ बमोजिमको योग्यता पुरा गरेका स्थायी कर्मचारीले गाउँ कार्यपालिकाको कार्यालयमा तह वृद्धिको लागि देहायका कागजातहरु संलग्न गरी अनुसूची —१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क) स्थायी नियुक्ति पत्रको प्रतिलिपि।

(ख) बढुवा/तह वृद्धि भएको पत्रको प्रतिलिपि।

(ग) समायोजन भएको कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपि

(घ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

(ङ) शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि।

५. **सिफारिस समितिः** (१) यस दफा बमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक महिला सहित २ जना वरिष्ठ कर्मचारी रहेको देहाय अनुसारको तहवृद्धि सिफारिस समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) | कार्यपालिकाले तोकेको एक महिला कर्मचारी | सदस्य |
| (ग) | प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२) सिफारिस समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ ।

६. **आवश्यक न्युनतम योग्यता र सेवा अवधिः** (१) हरिनगर गाउँपालिकामा कार्यरत कर्मचारिको तह वृद्धि गर्दा तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मुल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्युन्तम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिमको सम्बन्धित सेवा, समूह वा उपसमूह भित्र तह वृद्धि गरिनेछ ।

| क्र.स. | हालको तह | तह वृद्धि हुने तह | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|
| १ | पाँचौ | छैटौ | सेवा समूहसँग सम्बन्धित विषयमा न्युनतम प्रविणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उतीर्ण | स्वास्थ्य सेवामा संघीय कानूनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक उतीर्ण | स्वास्थ्य सेवामा संघीय कानूनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतीर्ण गरेको | स्वास्थ्य सेवामा संघीय कानूनले तोकेको न्युनतम शैक्षिक योग्यता |

(२) तह वृद्धि हुँदा त्यसतो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यसतो पद साविककै तहमा कायम हुनेछ ।

७. **<u>तह वृद्धि सम्बन्धि विशेष व्यवस्थाः</u>** (१) अध्यादेशको दफा ४ को उपदफा ५ बमोजिम स्थानीय तहको सहायक तेश्रो र चौथो तहको पदमा समायोजन भई अध्यादेश जारी हुँदाका दिन सम्ममा पाँच वर्ष सेवा अवधि पुरा गरेका कर्मचारीलाई एक पटकका लागि क्रमशः चौथो र पाँचौ तहमा स्वतः तह वृद्धि गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिइनेछ ।

(३) अध्यादेशको दफा ८ को उपदफा १४ बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाँचौ तहको कम्प्युटर अपरेटर पदमा स्वतः तह वृद्धि गरिनेछ । त्यसरी तह वृद्धि गर्न एक तह माथिको पद स्वतः सिर्जना हुनेछ र साविकको पद स्वतः खारेज हुनेछ ।

(४) उपदफा (३) बमोजिम तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिइनेछ ।

(५) अध्यादेशको दफा ८ को उपदफा १६ अनुसार निजामति सेवा वाहेक अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पुरा गरेका पाँचौ, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रकृया पुरा गरी क्रमशः छैटौं, आठौं र दशौ तहमा एक तह वृद्धि गरिनेछ ।

(६) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रकृया पुरा गरी बढुवा समितिले बढुवा गर्नेछ।

(७) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिने । यसरी सातौं तह कायम गर्नु पुर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन तथा दरवन्दी स्वीकृत गर्नु पर्नेछ ।

(८) कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा खटिएका कर्मचारीको हकमा दरबन्दी पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ ।

(९) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीलाई अनुसूची –२ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको पत्र दिइनेछ

८. **ज्येष्ठता कायमः** तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ एक र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुनेछ ।

९. **<u>बाधा अडकाउ फुकाउः</u>** यो कार्यविधि कार्यान्वयनको क्रममा द्विविधा वा कुनै बाधा अडकाउ उत्पन्न भएमा वाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

१०. **<u>तह वृद्धि गर्न नहुनेः</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ७ को उपदफा (१) वमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैन।

(क) निलम्वन भएकोमा निलम्वन भएको अवधि भर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधि भर,

(घ) असाधारण विदा वा अध्ययन विदामा वसेकोमा सो विदाको अवधि भर,

(ङ) स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धि व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

११. **तह वृद्धि भएका कर्मचारीको सेवा सुविधाः** (१) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलव भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

१२. **जानकारी दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१३. **उजुरी गुनासो र पुनरावेदनः** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा प्रदेश लोक सेवा आयोगमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र उजुरी गुनासो वा पुनरावेदन गर्न सकिनेछ ।

१४. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून अध्यादेश वमोजिम हुनेछ।

अनुसूची १

(कार्यविधिको दफा ४ (२) सँग सम्बन्धित)

**तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

मितिः / /

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
तह वृद्धि सिफारिस समिति हरिनगरा, सुनसरी

**विषयः** तह वृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह वृद्धि सम्बन्धि मिति .......................गते प्रकाशित सुचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको लपदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

तपसिल

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपि।
२. बढुवा/तह वृद्धि भएको पत्रको प्रतिलिपि।
३. समायोजन पत्रको प्रतिलिपि
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
५. शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि।

| **हाल कार्यरत पदको विवरण** | **तह वृद्धि हुने पदको विवरण** |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समुहः | समुहः |

| | |
|---|---|
| स्तरः | स्तरः |
| कार्यालयः | कार्यालयः |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक**

नाम :

दस्तखत :

कर्मचारी संकेत नम्बर :

अनुसूची २

(कार्यविधिको दफा ७ को उपदफा ७ सँग सम्बन्धित)

**तह बृद्धि पत्रको ढाँचा**

# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# हरिनगरा, सुनसरी

**कोशी प्रदेश, नेपाल**

**प स:**

**च न:** **मितिः**

**विषय:** तह बृद्धि गरिएको।

तपाईंलाई गाउँ कार्यपालिका कार्यालयको मिति / / गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को ...................... मिति / / गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तह बृद्धि गरिएको छ ।तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु ।

तपसिल :

| **हाल कार्यरत पदको विवरण** | **तह वृद्धि भएको पदको विवरण** |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समुहः | समुहः |
| स्तरः | स्तरः |
| कार्यालयः | कार्यालयः |

श्री ................

कर्मचारी संकेत नम्बर........

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।

श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ्ग ।

श्री प्रदेश किताबखाना, विराटनगर मोरङ्ग ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी

श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ्ग।

श्री आर्थिक प्रशासन शाखा, हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ।

| |
|---|
| आज्ञाले,<br>नामः तुलराज थापा मगर<br>प्रमुख प्रशासकीय अधिकृत |